# सिद्धार्थ बैंक लिमिटेडको
# वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरुरी सूचना

यस बैंकको बीसौं वार्षिक साधारण सभा मिति २०७८/०९/३० गते शुक्रवार बिहान ११ बजे सिल्भर ओक बैङक्वेट, गैह्रिधारा, काठमाडौंमा भौतिक रुपमा गर्ने निर्णय भएकोमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा मिति २०७८/०९/२३ मा जारी प्रेस विज्ञप्ती तथा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसीसी) ले मिति २०७८/०९/२५ मा गरेको सुझाव एवं समग्र बदलिदो परिवेशलाई मध्यनजर गर्दै बैंकको साधारण सभा मिति २०७८/०९/३० गते **अनलाईन (भर्चुअल) माध्यम मार्फत समेत** संचालन गरिने व्यहोरा सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं ।

**सीसीएमसीसीले दिएका सुझावहरु एवं समग्र बदलिदो परिवेशलाई दृष्टिगत गरी कोरोना भाइरस संक्रमणको जोखिमबाट बच्न/बचाउन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथासम्भव अनलाईन (भर्चुअल) माध्यम मार्फत साधारण सभामा सहभागी हुन विशेष अनुरोध गर्दछौं ।**

अनलाईन (भर्चुअल) माध्यमबाट साधारण सभामा सहभागी हुन तथा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा २४ घण्टा अगावै आफ्नो परिचय पत्र सहित बैंकले जारी गरेको शेयर प्रमाण पत्र/DEMAT खाता खोलिएको प्रमाणको स्क्यान कपी समावेश गरी ईमेल ठेगाना agm@sbl.com.np मा ईमेल वा ९८४१८७५४२६ मा Whatsapp/ Viber गरि पठाउनु हुन अनुरोध गर्दछौं । यसरी प्राप्त भएका ईमेल वा Whatsapp/ Viber मा अनलाइन (भर्चुअल) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting को ID र Passcode उपलब्ध गराइने छ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई सभास्थलमा उपस्थित भए सरह मानिने छ । सभामा आफ्नो लिखित मन्तव्य, राय सुझाव दिन चाहनुहुने महानुभावले माथी उल्लेखित Email मार्फत समेत दिन सक्ने व्यवस्था मिलाइएको छ ।

साधारण सभा सम्बन्धी जानकारी यस बैंकको वेबसाइट **www.siddharthabank.com** मा उपलब्ध गराइएको छ । अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मा सम्पर्क राख्न समेत अनुरोध गर्दछौं ।

**Siddhartha**Bank

**Head office:** Hattisar, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-4442919 / 4442920 / 5970020
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np, info@sbl.com.np
**Web:** www.siddharthabank.com